# रोचक घटना नं ४९

## एज्रा १-४ र यशैया ४४:२८

**कथाको मूख्य सार : यहूदीहरू उनीहरूको मन्दिर पुनर्निर्माण गर्नको लागि यरूशलेम फर्केका थिए ।**

शिक्षक साहायता

### १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- इस्राएलीहरू यहूदाबाट बेबिलोनमा ई.पू.६०५ देखि ई.पू.५८६ सम्म निर्वासित भएर बस्नु परेको थियो । यर्मिया र इजकिएलको मृत्युपछि, र जब दानिएल करिब ८० वर्षका थिए, यशैयाको एउटा भविष्यवाणी पूरा हुन आयो ।
- यशैया ४०-४८ अध्यायहरूमा, यशैयाले यरूशलेमको पुर्ननिर्माणको उर्दी जारी गर्ने कोरेस नामका एक विदेशी राजाको बारेमा चर्चा गरेका छन् । कोरेस परमप्रभुको आराधक थिएनन् । यो भविष्यवाणी ई.पू. ७०० मा पुरा भयो । यशैयाले यो भविष्यवाणी लेखेको करिब एक शताब्दी पछि मात्र राजा कोरेसको जन्म भएको थियो ।
- यर्मियाले पहिलै नै भनेका थिए कि यहूदा ७० वर्षसम्म बेबिलोनमा निर्वासित हुनेछ । इस्राएलीहरूले प्रार्थना गर्नेछन् र परमेश्वरले तिनीहरूलाई प्रतिज्ञा गर्नुभएकै भूमिमा तिनीहरूलाई पुर्नस्थापना गर्नुहुनेछ (यर्मिया २९: १०-१४) ।
- निर्वासनको सड्सट्ठी वर्षपछि, दानिएलले यो भविष्यवाणी पढे र लगभग निर्वासनको अन्त भएको महसुस गरे । त्यसपछी, उनले यर्मियाले भनेका कुराहरू गरेका छन्, उनले इस्राएलीहरूले गरेका पापहरू स्वीकार गर्दै परमेश्वरलाई कृपा माग्दै विन्ती गरेका छन् (दानियल ९:३–१९) । ई.पू. ५३६ देखि, ५०,००० यहूदीहरूले यरूशलेममा फर्कने निर्णय गरेका थिए ।
- कोरेसको उर्दीले मन्दिरको सबै चोरी भएका सामानहरू पनि फर्काउने घोषणा गऱ्यो । एज्रा ३ ले यरूशलेममा मन्दिरको निर्माणको वर्णन गर्दछ । यो लगभग ई.पू. ५३६ को आसपासमा भएको थियो ।
- एज्रा ४ मा, लेखकले सामरीहरू मन्दिरको पुनर्निर्माणमा सामेल हुन चाहेको कुरा उल्लेख गरेका छन् । सामरीहरूले परमप्रभुको आराधना गर्दथे । तथापि, तिनीहरूले अन्य देवताहरूको पनि पूजा गर्ने गर्दथे । २ राजा १७ मा लेखकले हामीलाई यो बताउँदछन् कि सामरीहरू परमप्रभुको भय मान्थे तर उनीहरूले अरू देवताहरूको पनि सेवा गर्दथे । त्यसैकारण हुनसक्छ उनीहरूलाई मन्दिरको निर्माण परियोजनाको हिस्सा हुने अनुमति थिएन ।
- ई. पू. ५१५ देखि भवन निर्माण कार्य बन्द भयो । यद्यपि, हाग्गै र जकरिया जस्ता भविष्यवक्ताहरूले यहूदीहरूलाई उनीहरूको प्राथमिकताहरूको विषयमा उनीहरूलाई सम्झना दिलाउनु साथै चुनौती दिएका थिए र निर्माण कार्य फेरि शुरू भयो ।

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।


©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

त्यहाँ आठवटा आधारभूत अवधारणाहरू छन् जसलाई बाइबलभरी नै जोड दिइएको पाईन्छ । हामीले अघिल्लो पाठहरूमा यी सत्य कुराहरूको अध्ययन गरेका छौं । बालबालिकाहरूलाई यदि तिनीहरूको नाम र प्रत्येकको बारेमा थोरै केहि बताउन सक्छन् कि सोध्नुहोस् । ती हुन् :

१. परमेश्वर : शुरूमा, त्यहाँ एकमात्र धेरै शक्तिशाली परमेश्वर हुनुहुन्थ्यो । (पाठ १: अनन्त परमेश्वर; पाठ २७: प्रस्थान; पाठ ४०: दाऊदको शासन)

२. मानिस : परमेश्वरले धेरै कुरा बनाउनुभयो । उहाँले मानिस र स्त्री दुवैलाई आफ्नो विशेष मित्र हुनको लागि बनाउनुभयो । (पाठ ३ : संसारहरूको सृष्टि; पाठ ४: मानिसको सृष्टि; पाठ २४: मोशाले आफ्ना जनहरूलाई अगुवाई गरेका)

३. पाप : मानिस र स्त्रीले परमेश्वरको आज्ञा उल्लङ्घन गरे । तिनीहरूले उहाँले जे गर भन्नुभएको थियो त्यो गरेनन् । (पाठ ७ मानव पापको शुरूवात; पाठ ३३: कादेशमा अविश्वास; पाठ ४३: विभाजित राज्य)

४. मृत्यु : परमेश्वरले मानिस र स्त्रीलाई तिनीहरूको अनाज्ञाकारिताको निम्ति सजाय दिनुभयो । बाइबलमा भएको मृत्युले अलग हुनु भन्ने कुरालाई बुझाउँदछ । (पाठ ८: मृत्युको उत्पत्ति: पाठ १६: बाबेलको धरहरा; पाठ ४६: इस्राएल र यहूदाको निर्वासन)

५. ख्रीष्ट : परमेश्वरले आफ्नो एकमात्र पुत्र, उहाँको अद्वितीय पुत्रलाई पठाउनुभयो, जसले पापरहित सिद्ध जीवन बिताउनुभयो । (पाठ ९: शैतानमाथि विजयको प्रतिज्ञा; पाठ ४५: आउनुहुने मसीहको भविष्यवाणीहरू) ।

६. क्रुस : येशू संसारको पापको लागि क्रुसमा मर्नुभयो । (पाठ ११: पाप ढाक्ने कुराको प्रावधान: पाठ ३२: प्रायश्चितको दिन)

७. विश्वास : यदि कसैले ख्रीष्ट येशूमा विश्वास राख्छ भने, परमेश्वरले त्यसलाई आफ्नो परिवारमा स्वागत गर्नुहुन्छ । (पाठ १३: कयिन र हाबिल; पाठ ३४: काँसाको सर्प)

८. जीवन : उहाँमाथि विश्वास राख्नेहरूलाई परमेश्वरले अनन्त जीवन दिनुहुन्छ । (पाठ ५: स्वर्गमा जीवन; पाठ ३८: अन्धकारको युगमा उज्यालो ज्योतिहरू )

## ३) पाठ सिकाउनुहोस्

घर फर्कनु पाउनु भनेको आनन्दको कुरा हो । के तपाईं कहिल्यै छोटो अवधिको लागि घरबाट टाढा जानुभएको छ ? के तपाईं कहिल्यै लामो समयको लागि घरबाट टाढा जानुभएको छ ? तपाईंलाई घर आउँदा कस्तो महसुस हुन्छ ?

आजको पाठले हामीलाई घर फर्केका ५०००० व्यक्तिहरूको बारेमा बताउँदछ ।

**समीक्षा क्रियाकलाप: सुसमाचारका आधारभूत आठ सत्यहरू – एउटा पूर्ण कथा**

शिक्षकले बाइबलबाट कथाहरू सिकाउँदा यी आठ सुसमाचारको अवधारणाहरूमा जोड दिनुपर्दछ । यी अवधारणाहरू बालबालिकाहरूलाई बाइबलमा भएको एउटै मात्र छुटकाराको कथा बताउनको लागि आधारभूत कुराहरू हुन् । हामी नियमित रूपमा यी आठ सत्यताहरूलाई जोड दिनेछौं । कसरी यी आठ सुसमाचारका सिद्धान्तहरूलाई हामीले अगाडि अध्ययन गरेका ४८ वटा पाठहरूमा यी अवधारणाहरूमा कसरी जोड दिएको छ भनि बालबालिकाहरूलाई सोध्नुहोस् ।

## कथा भन्नुहोस्

यो लगभग मेरो जीवनको अन्ततिरको कुरा थियो । बेबिलोनमा किशोर अवस्थाका जवान केटाहरूको रूपमा ,मेरा तीन जना साथीहरू र मैले परमेश्वरको आराधना र सेवा गरेका थियौं । राजाले हामीले परमेश्वरको उपासना गर्न सक्दैनौं भनेर उर्दी जारी गरेता पनि मैले निरन्तर प्रार्थना गरिरहें । यस कुराको लागि झण्डै मैले मेरो प्राणको मूल्य चुकाउनु परेको थियो तर परमेश्वरले मलाई बचाउनुभयो । राजाले मलाई भोकाएर बसिरहेका सिंहको खोरमा हालिदिएका थिए । तर परमेश्वरले त्यहाँ पनि मलाई बाँच्न दिनुभयो र त्यसैले गर्दा आज म यहाँ छु । राजाले मेरा तीन जना साथीहरूलाई पनि परमप्रभुमा विश्वास गरेको कारणले दन्केको आगोको भट्टीमा हालिदिएका थिए । फेरि, परमेश्वरले तिनीहरूलाई पनि बचाउनुभयो । अब, मेरो जीवनको अन्तमा, परमेश्वरले मलाई भिन्न तरिकाले उहाँको महान् कामको एउटा सानो हिस्सा हुने अनुमति दिनुभएको छ ।

म भविष्यवक्ता यर्मियाले लेखेका कुराहरू पढ्दै थिएँ । म जब पढ्दै थिएँ, मैले महसुस गरेँ कि म र मेरा देशवासीहरू ७० वर्षसम्मको लागि मात्र कैदमा रहनेछौं । यो हाम्रो कैदको सडसट्ठीऔं वर्ष थियो । यदि यर्मिया सही थिए भने र मलाई पक्का थाहा थियो कि उहाँ सहि हुनुहुन्छ, तब त हामी केवल तीन वर्षसम्म मात्र बेबिलोनमा कैदी हुने थियौ । तब हामी यरूशलेम आफ्नो घर जान सक्थ्यौं । मैले मेरो हृदयदेखि नै मेरा देशवासीहरूको पापको स्वीकार गरेँ र हामीमाथि परमेश्वरको अनुग्रहको निम्ति प्रार्थना गरेँ । परमप्रभुले कृपापूर्वक मेरो बिन्ती सुन्नुभयो । त्यसको तीन वर्षपछि राजा कोरेसले यहूदीहरू यरूशलेम फर्कन सक्ने र उनले मन्दिरबाट चोरी भएका सबै चीजहरूसमेत फिर्ता दिने हुकुम जारी गरे । त्यहाँ ५४०० जति सुन र चाँदीका वस्तुहरू थिए जुन पहिलो मन्दिरबाट चोरी भएका थिए जसलाई पुनःनिर्माण हुने मन्दिरमा फिर्ता लगिएको थियो ।

यशैया, परमप्रभुको अगमवक्ता यशैयाले, १७० वर्ष अघि कोरेसको यो उर्दीको बारेमा लेखेका थिए । उनले नामद्वारा “कोरेस” भनेर उल्लेख गरे । मेरो महान् परमेश्वरले यो यशैयालाई प्रकट गर्नुभयो र अब यो सत्य हुँदै थियो । परमेश्वर एक प्रतिज्ञा दिने-परमेश्वर हुनुहुन्छ र उहाँले आफ्ना प्रतिज्ञाहरू सधैं पुरा गर्नुहुन्छ ।

मेरा देशवासीहरूले ई.पू. ५३६ मा मन्दिर निर्माण गर्न शुरू गरेका थिए । तिनीहरूले पुर्ननिर्माणको महान् कार्य शुरूवात गरे तर केहि विरोधको कारण, तिनीहरूले आफ्नो काम केहि ढिलो गर्दै गए र अन्तमा काम पनि रोकियो । तिनीहरूले मन्दिरको पुनर्निर्माणको काम पुरा गरेनन् । अवरोधहरू हाम्रै छिमेकी सामरीहरूबाट आएको थियो । सामरीहरूले परमप्रभुको आराधना र उहाँको सेवा गर्थे तर तिनीहरूले अन्य देवताहरूको पनि आराधना र सेवा गर्दथे । हामीले यो सहन सकेनौं किनकि परमेश्वरले आफ्नो महिमा अरू देवताहरूसँग बाँडनुहुन्न ।

लामो समयको ढिलाइ पछि हामीले ई. पू. ५१५ मा मन्दिरको पुनर्निर्माणको कामलाई जारी गर्‍यौं । हाग्गै र जकरियाको प्रचारले मानिसहरूलाई फेरि काममा फर्कायो । अन्तत, मन्दिर पुनर्निर्माणको काम सकियो । त्यहाँ ठूलो आनन्द र उत्सव भयो । हामी अब्राहामलाई प्रतिज्ञा गरिएको देशमा फर्केका थियौं । हामी अब दाऊदको शहर यरूशलेममा बसिरहेका थियौं । यो सबै हुनुको कारण आफ्ना जनहरूप्रति परमेश्वरको विश्वासयोग्य प्रेम हो । परमप्रभुलाई प्रशंसा होस् ! उहाँको नाउँ सधैं सम्मानित होस् !

**कथा भन्ने क्रियाकलापः दानिएलबाट एकाधिकार कथामा**

तपाईं दानिएल नै भए जसरी यस कथालाई भन्नुहोस् । यदि सम्भव भएमा, त्यस्तै पोशाक पनि लगाउँनुहोस् । कथा दानिएलले भनिरहेका छन् जसरी यसलाई प्रथम पुरूषमा लेखिएको छ । सबै कथाहरू बाइबलबाट नै आएका हुन् विशेष गरी भविष्यवक्ताहरू दानिएल, यशैया र यर्मिया ।

## कण्ठ गर्नुपर्ने पद

**एज्रा ६:१६ (टि.बी.एस)** - अनि इस्राएलीहरू, पूजाहारीहरू र लेवीहरू, साथै कैदमा लगिएकाहरूका बाँकी सन्तानहरूले आनन्दको साथ परमेश्वरको त्यो भवन समर्पण गरे ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्राय: यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "मुक्ति छ हाम्रो प्रभुमा (कोरस नं. ८९)" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

दानियलको विश्वासयोग्य जीवन

**"दानिएलको जीवन अत्यन्तै रमाइलो र कहिलेकाहीं डरलाग्दो पनि थियो ! आउनुहोस् हामी दानियलको जीवनको बारेमा कति कुराहरू सम्झन सक्छौं हेर्नेछौं र त्यसपछि हामी एउटा खेल खेल्नेछौं ।"**

दानिएलको जीवनमा भएका घटनाहरूको बारेमा सोच्न, र प्रत्येकलाई फरक फरक कार्डहरूमा लेख्नको लागि बालबालिकाहरूलाई नेतृत्व गर्नुहोस् । केहि सुझावहरू:

१. जवान छँदै, उनको घर यहूदाबाट बेबिलोनमा लगिएको थियो ।

२. परमेश्वरलाई प्रार्थना गरेको कारणले उनी सिंहहरूको खोरमा फालिएका थिए ।

३. उनका तीनजना साथीहरू पनि आगोको भट्टीमा फ्याँकिएका थिए ।

४. उनले आफ्नै जीवनलाई जोखिममा पारी राजाको सपनाको उल्था गरिदिएका थिए ।

५. उनले परमेश्वरको न्यायको बारेमा पनि भविष्यवाणी गरेका थिए ।

६. आफ्नो सबै देशवासीहरूको पाप स्वीकार गरेका थिए ।

कार्डहरूमा लेखिसकेपछि, ती कार्डहरूलाई उल्टो पार्नुहोस् र मिसाउनुहोस् । कसले त्यसलाई सबैभन्दा छिटो क्रमानुसार मिलाउन सक्छ हेर्नुहोस् । बालबालिकाहरूले एक्लै वा समूहमा पनि यो कार्य गर्न सक्दछन् ।

**शिक्षक साहयता**

**पद कण्ठ गर्ने क्रियाकलाप : वचन लग**

बालबालिकाहरूलाई घर लैजानको लागि एउटा तालिका बनाउनुहोस् जुन तालिकाको बायाँ स्तम्भले आइतवार, सोमबार, मंगलबार, बुधवार, बिहिवार, शुक्रवार र शनिवार देखाउँदछ ।

शीर्षमा, अभ्यास गरेको समय र समीक्षा गरेको समय उल्लेख गर्ने ठाउँ पनि राख्नुहोस् ।

बालबालिकाहरूले प्रत्येक दिन यस कण्ठ गर्ने पदको लागि काम गर्नुपर्ने हुन्छ, जब उनीहरूले यस पदको अभ्यास र समीक्षा गर्छन् तब यस तालिकामा चिन्ह लगाउनुपर्दछ । यस तालिका उनीहरूले अर्को हप्ता आफुसँगै ल्याउनुपर्नेछ ।

यस प्रकारको क्रियाकलापले पाठको एउटा भागको रूपमा मात्र नभई, हप्ताभरि वचनहरूको स्मरण गर्न र आज्ञाकारी हुनलाई प्रोत्साहित गर्दछ ।

**बाइबल क्रियाकलाप: दानिएलको विश्वासयोग्य जीवन**

आवश्यक कुराहरू : लगभग ३×५ वा ४×६ को कार्डहरू, र कार्डमा लेख्नको लागि कलम वा बोर्ड मार्कर ।

©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## ४) पाठको समीक्षा गर्नुहोस्

शिक्षकले कक्षालाई दुई समूहमा विभाजित गर्नुपर्ने हुन्छ ।

- एउटा समूह "रातो" हुन सक्छ र उनीहरूलाई रातो कार्ड वा कागजको टुक्रा उपलब्ध गराउन सक्नुहुन्छ । अर्को समूह "पहेँलो" समूह हुन सक्छ र उनीहरूलाई पनि पहेँलो कार्ड वा कागजको टुक्रा उपलब्ध गराउन सक्नुहुन्छ ।
- प्रत्येक समूहसँग ३ देखि ५ वटा सम्म प्रश्नहरू लेख्ने अनुमति हुन्छ जसको उत्तर अर्को समूहले दिनुपर्ने हुन्छ ।
- प्रत्येक प्रश्न आजको पाठसँग सम्बन्धित हुनुपर्छ ।
- प्रश्नहरू लेखिसके पछि, अर्को समूहसँग प्रश्नहरूको उत्तर दिन पाँचदेखि सात मिनेट हुनेछ । "पहेँलो" समूहले "रातो" समूहका प्रश्नहरूको जवाफ दिनेछ र "रातो" समूहले "पहेँलो" समूहका प्रश्नहरूको जवाफ दिनेछ ।

## ५) पाठ लागु गर्नुहोस्

यहूदीहरू असल मनसायले यरूशलेम आएका थिए । उनीहरू मन्दिर पुनर्निर्माण गर्न जाँदै थिए । तर, शुरूवात मै समूह रोकिए पछि त्यो काम सफल भएन ।

एउटा वा दुईवटा कुराहरूको वर्णन गर्नुहोस् जुन तपाईंले विश्वाससाथ शुरू गर्नुभयो तर त्यो काम ढिलो भयो वा बन्द नै गर्नुभयो । कुन कुराले तपाईंलाई सुस्त बनायो वा रोक्न लगायो ? तपाईंले यसको बारेमा के गर्नुभयो ? तपाईंले यसको बारेमा के गर्नुहुनेछ ?

**कथाको मूख्य सार : दानिएल र इजकिएलले परमेश्वरको तर्फबाट बेबिलोनमा ईमानदारीपूर्वक बोलेका थिए ।**

**पाठ समीक्षा गर्ने क्रियाकलाप : दुई समूह समीक्षा**

कुनै एउटा उपयुक्त समय पछि, शिक्षकले कार्ड अर्थात् कागजका टुक्राहरू संकलन गर्नुपर्नेछ र प्रत्येक समूहबाट सबैभन्दा राम्रो प्रश्न र उत्तरहरूको लागि इनाम वा उनीहरूले प्राप्त गर्ने उचित अंक दिनुपर्ने हुन्छ ।

बालबालिकाहरूको हरेक कक्षामा दुईजना शिक्षकहरू राख्नु उत्तम हुन्छ । यदि त्यहाँ दुईजना शिक्षकहरू भए भने, प्रत्येक समूहमा एकजना शिक्षक समूहको अगुवा (कप्तान) हुन सक्छन् ।

©प्रतिलिपी अधिकार २०१७ जिम कुक

# रोचक घटना नं ५०

# नहेम्याह १-८

**कथाको मूख्य सार : यहूदीहरू पर्खाल पुर्ननिर्माण गर्नको लागि यरूशलेम फर्केका थिए ।**

## १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- ई. पू. ५३० तिर कोरेसको शासनकालमा यहूदीहरूले यरूशलेमको मन्दिर र यरूशलेमको पर्खाल पुर्ननिर्माण गर्ने प्रयास गर्दैगर्दा विरोधीहरू खडा भएका थिए । ई.पू. ५१५ मा, यहूदीहरूले मन्दिर पूरा गरे तर पर्खालहरू भने निर्माण गर्न सकेनन् ।
- आर्तजरक्सेस (ई. पू. ४६५-ई. पू.४२४) को शासनकालमा, यहूदीहरूले फेरी पनि विरोधको सामना गर्दै पर्खाल पुनर्निर्माण गर्न थाले । धेरै प्रार्थना पश्चात्, नहेम्याह राजाकहाँ गए र राजालाई यरूशलेमको पर्खाल पुनर्निर्माण गर्ने अनुमति मागे । राजाले नहेम्याहको अनुरोधलाई स्वीकार गरेर अनुमति पनि दिएका थिए ।
- नहेम्याह र एउटा सानो समूह यरूशलेम गए र पर्खालहरूको क्षति सर्वेक्षण गरे । उनीहरूले अत्यन्त उत्साहका साथ यरूशलेमबाट मात्र नभई यहूदाबाट पनि कामदारहरूको सूची बनाए ।
- विरोधको बाबजुद पनि नहेम्याह र तिनका साथीहरूले निर्माण कार्यलाई निरन्तरता दिएका थिए । मात्र ५२ दिनमा तिनीहरूले नौ फिट बाक्लो पर्खालको पुनर्निर्माण गरेका थिए ।
- नहेम्याह र उनको समकालीन एज्राले मानिसहरूलाई प्रभुको वचन सिकाए र उनीहरूलाई आज्ञाकारितामा विश्वासयोग्य रहन सल्लाह दिए । तिनीहरूले यरूशलेमका मानिसहरूलाई शहरका ढोकाहरूमा प्रत्येक बिहान शुरूको पाँच घण्टा भेला गरे । परमप्रभुको वचन हिब्रूमा पढिएको थियो र अरामी भाषामा वर्णन गरिएको थियो, जुन त्यस समयमा धेरै जसो मानिसहरूले बोल्ने भाषा थियो । नहेम्याहले मानिसहरूलाई परमप्रभुमा हर्षित हुन र उहाँको उपस्थितिमा पवित्र जनहरूको रूपमा जीवन बिताई रहन आग्रह गरे ।
- करिब ८० वर्ष अघि, हाग्गैले भविष्यवाणी गरेका थिए कि अन्य राष्ट्रहरूले मन्दिरका निम्ति बहुमूल्य उपहारहरू ल्याउनेछन् । हाग्गैको समकालीन जकरियाले राजाको बारेमा बताए जो नम्रतामा यरूशलेम प्रवेश गर्नेछन् ।
- पुरानो नियमको अन्त तीन भविष्यवक्ताहरूको आशाको सन्देशसँग भएको छ: हाग्गै, जकरिया, र मलाकी । यी प्रत्येक भविष्यवक्ताहरूले परमप्रभुले आफ्ना मानिसहरूका लागि गर्नुभएको प्रतिज्ञाका केहि अचम्मका कुराहरूको घोषणा गरेका छन् ।

**शिक्षक साहायता**

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोर्‍याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।


©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

रोचक घटना नं. ४७: यहूदाबाट भविष्यवाणीहरू

१. परमेश्वरले आफ्ना प्रतिज्ञाहरू कहाँ लेख्ने प्रतिज्ञा गर्नुभयो ?

२. यर्मिया ३१:३४ पढ्नुहोस् ।

३. परमेश्वरका प्रतिज्ञाहरू विश्वासयोग्य छन् ।

४.परमेश्वरलाई उहाँको प्रतिज्ञाहरू अहिले नै तपाईंको हृदयमा लेखिदिनु हुनको लागि अनुरोध गर्नुहोस् ।

रोचक घटना नं. ४८: बेबिलोनबाट भविष्यवाणीहरू

१. बेबिलोनमा परमेश्वरको निम्ति बोल्ने दुई भविष्यवक्ताहरू को को थिए ?

२. इजकिएल ३४ र दानिएल २ पढ्नुहोस् ।

३. इजकिएल र दानिएल दुई जवान मानिसहरू थिए, जसले परदेशी भूमिमा पनि परमेश्वरको आदर र आज्ञापालन गर्ने निर्णय गरे ।

४. प्रार्थना गर्नुहोस् कि हामी पनि हाम्रो दैनिक जीवनबाट परमेश्वरको आदर गर्न सकौं ।

रोचक घटना नं. ४९ यहूदीहरू यरूशलेम फर्किएको

१. मन्दिरको पुर्ननिर्माणको विरोध कहाँबाट आयो ?

२. एज्रा ४ पढ्नुहोस् ।

३. कहिलेकाहिँ, परमेश्वरका लागि जीउँदा हाम्रा साथीहरूबाट, परिवारबाट पनि विरोधहरू आउन सक्छ ।

४. साथीहरूबाट अर्थात् जहाँबाट विरोध भए पनि परमेश्वरको लागि जीउन सकौं भनेर प्रार्थना गर्नुहोस्

**पाठ शुरू गर्ने**
**क्रियाकलाप: सोध्नु, पढ्नु, कुरा गर्नु, प्रार्थना गर्नु**

अघिल्लो ३ वटा पाठहरूबाटको राम्रो समीक्षा गर्ने तरिकाले चारवटा मुख्य तत्वहरूमा ध्यान केन्द्रित गर्दछ ।

१. प्रश्न सोध्ने ।

२. बाइबल पढ्ने ।

३. यस विषयमा कुरा गर्ने ।

४. परमेश्वरलाई प्रार्थना गर्ने ।

## ३) पाठ सिकाउनुहोस्

तपाईंले आत्मिक सुधारको अनुभव गर्नुभएको हुनसक्छ र नहुन पनि सक्छ । यदि छैन भने, के तपाईंलाई आत्मिक सुधार हुन आवश्यक छ जस्तो लाग्छ ? आजको पाठमा, हामी परमेश्वरका मानिसहरूको आत्मिक सुधार कसरी भयो भन्ने कुरा सिक्नेछौं ।

## कथा भन्नुहोस्

यो पुरानो करारको इतिहासको अन्तिम अध्याय थियो र यो आशा र धैर्यताको सन्देशको साथ समाप्त भएको छ । यो सुधारीएको अवस्थामा समाप्त भयो । परमेश्वरका मानिसहरू मन्दिर र पर्खालहरू पुनर्निर्माण गर्नको लागि उत्साहित हुँदै यरूशलेम फर्केका थिए । विरोधहरू सँगै, तिनीहरूले मन्दिरको पुर्ननिर्माण गरे तर तिनीहरूले पर्खाल पुनर्निर्माण गर्न असक्षम भए । यसले मन्दिर र यरूशलेमका मानिसहरूलाई ठूलो जोखिममा पाऱ्यो । ती दिनहरूमा शहरका पर्खालहरू सुरक्षाका लागि थिए । कुनै सुरक्षात्मक पर्खाल बिना, सबैजना बाहिरको आक्रमणबाट असुरक्षित हुन्थे ।

आफूलाई ठूलो खतरामा पारेर, नहेम्याह फारसका राजा अर्तजक्सेसकहाँ पुगे । नहेम्याहले त्यस शहर र त्यसका भत्किएका पर्खालहरूको बारेमा धेरै प्रार्थना गरेका थिए । परमेश्वरले नहेम्याहको प्रार्थनाको उत्तर दिनुभयो । राजाले नहेम्याहलाई पर्खालहरू पुनर्निर्माण गर्न स्वीकृति मात्र दिएका थिएनन, उनले प्रखाल बनाउनको लागि आवश्यक सामग्रीहरू पनि प्रदान गरेका थिए ।

त्यसकारण, नहेम्याह र तिनका केहि साथीहरू पर्खालहरू पुनर्निर्माण गर्नको लागि के गर्नु आवश्यक छ भनेर हेर्न गए । जब उनीहरूले तिनीहरूको अगाडि भएको कामहरू देखे, तिनीहरू उत्साहित भए र पर्खालहरू पुनर्निर्माण गर्न सहयोगीहरू भर्ना गर्न थाले । परमेश्वरले कसरी काम गर्दै हुनुहुन्थ्यो र प्रार्थनाको उत्तर दिँदै हुनुहुन्थ्यो भन्ने कुरा हेर्नु आश्चर्यजनक थियो ।

तर निर्माण गर्नेक्रममा विरोधीहरू पनि आए र यो विरोध एउटा असामान्य स्रोतबाट आएको थियो । यो निर्माणकर्ताका साथीहरूबाट नै आएको थियो । सन्बलत र तोबियाह केहि निर्माणकर्ताका साथीहरू थिए, तिनीहरू सम्भवत: केहि निर्माणकर्ताहरूसँग सम्बन्ध भएकाहरू पनि हुन सक्छन् । विरोधको बावजुद पनि, पर्खालहरूको निर्माण कार्य दुई महिना भन्दा कम समयमा सकियो । त्यहाँ ठूलो आनन्द र उत्सव भयो ।

निर्माण कार्यको बीचमा नै नहेम्याह र एज्राले यरूशलेमका मानिसहरूलाई परमप्रभुको वचन सिकाउन शुरू गरेका थिए । प्रत्येक बिहान पाँच घण्टा सम्म तिनीहरू परमप्रभुको वचन पढ्ने र सिक्ने गर्दथे । त्यहाँ केहि व्याख्याहरू दिइन्थ्यो र मानिसहरूले विश्वास र आज्ञाकारितामा प्रतिक्रिया दिन्थे । त्यसकारण, त्यहाँ केवल पर्खालहरू मात्र बनेका थिएनन्, त्यहाँ मानिसहरू पनि आत्मिक रूपमा निर्माण भईरहेका थिए ।

पर्खालहरू माथि बढ्दै गए सँगै मानिसहरू पनि आत्मामा प्रभुसँगको सम्बन्धमा हुर्किंदै गएका थिए । मानिसहरू परमप्रभुको बारेमा सिक्न र आज्ञापालन गर्नमा हुर्किंदै गएका थिए । नहेम्याहले मानिसहरूलाई परमप्रभुको आनन्दलाई तिनीहरूको शक्ति बनाउन उत्साह दिए ।

पुरानो करारको यो अन्तिम अध्यायमा हाग्गै, जकरिया, र मलाकीबाट पनि आशा जनक सन्देशहरू देखिएको थियो । हाग्गैले यस ठाउँमा परमप्रभुले शान्ति दिँदै हुनुहुन्छ भन्ने बारेमा लेखेका थिए । जकरियाले एक जना आउँदै गरेको राजाको बारेमा लेखेका थिए जो नम्र भएर यरूशलेममा प्रवेश गर्नु हुने थियो । मलाकीले एकजना महान् सन्देश बाहकको बारेमा लेखेका थिए जो आउँदै हुनुहुन्थ्यो । पुरानो करारभरी गरिएका प्रतिज्ञाहरू चाँडै पूरा हुन आउनेवाला थिए ।

**कथा भन्ने क्रियाकलाप : इस्राएलीहरूको लागि रमाहट**

बालबालिकाहरूलाई कथा सुनाउनुहोस् । तपाईंले कथा भन्दै गर्नुहुँदा, बालबालिकाहरू जब उनीहरूले "यरूशलेम", "मन्दिर", र "पर्खालहरू" भन्ने शब्दहरू सुन्दछन् तब बालबालिकाहरूलाई ताली बजाउन वा रमाहट गर्न लगाउनुहोस् ।

यी तीनवटा शब्दहरूका लागि रमाहट गर्ने कुरामा ध्यान केन्द्रित गर्नुको कारण: यरूशलेमको पर्खाल र मन्दिर पुनर्निर्माण भएपछि परमेश्वरले इस्राएललाई आनन्द र उत्सवको आशिष् दिँदै हुनुहुन्थ्यो ।

हाग्गै २: ७-९

जकरिया ९: ९

मलाकी ३: १

मलाकी ४:२-५

©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## कण्ठ गर्नुपर्ने पद

**नहेम्याह ८:१० (टि.बी.एस)** - तब नहेम्याहले तिनीहरूलाई भने : किनभने आजको दिन हाम्रा परमप्रभुका निम्ति पवित्र छ उदास नहोओ किनकि परमप्रभुको आनन्द नै तिमीहरूको बल हो ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्राय: यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "मुक्ति छ हाम्रो प्रभुमा (कोरस नं. ८९)" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

"रातो बत्ती/हरियो बत्ती" क्रियाकलाप

कागजको २ वटा गोलाकार पन्नाहरू तयार पार्नुहोस्, एउटा गाढा हरियो, र अर्को गाढा रातो । त्यसपछि बालबालिकाहरूलाई भन्नुहोस्, **"म पमेश्वरलाई खुशी पार्ने क्रियाकलापहरूको नाम दिनेछु (जस्तै भुइँ बढार्ने काम, बगैंचामा झार तान्ने काम, लडेको साथीलाई मद्दत गर्ने, आदि) । जब म हरियो बत्ती समात्छु र भन्छु "जाऊ", सबैले राम्रो क्रियाकलाप गरे जस्तो नक्कल गर्नु पर्छ । जब म रातो बत्ती समात्छु र भन्छु "रोक्नुहोस्" सबैले राम्रो काम गर्न रोक्नु पर्छ ।"**

केहि बेर यो क्रियाकलाप गरेपछि, तिनीहरूलाई भन्नुहोस् **"परमेश्वर हामीले असल काम गरेको चाहानुहुन्छ, तर कहिलेकाहीँ मानिसहरूले हामीलाई रोक्न खोज्छन् । त्यो तिनीहरू रातो बत्ती भएजस्तै हो ।"** नहेम्याह र इस्राएलका मानिसहरूका लागि पनि यस्तै नै भएको थियो । तिनीहरू सही काम गर्न र परमेश्वरको आज्ञापालन गर्न चाहान्थे, तर तिनीहरूका शत्रुहरूले तिनीहरूलाई रोक्न खोजेका थिए । तपाईंले प्रयास गर्नसक्नुहुने केहि असल कुराहरू के के हुन् र कहिलेकाँही अरूले तपाईंलाई कसरी रोक्न कोसिस गर्छन् ? नहेम्याहको उदाहरणबाट हामीलाई मद्दत गर्न सक्ने के कुरा हामी सिक्न सक्छौं ?

**पद कण्ठ गर्ने क्रियाकलाप: उफ्रनुहोस्**

कण्ठ गर्ने पदको वाक्याशंहरूलाई ठूला ठूला अक्षरहरूमा कागजको पानाहरूमा लेख्नुहोस् । ती पदका वाक्याशंहरू लेखिएको कागजहरूलाई मिश्रित रूपमा एक पाईलामा भेट्न सकिने गरि टेपले भुईंमा टाँस्नुहोस्।बालबालिकाहरूले ती वाक्याशंहरू उच्चारण गर्दै एक पटकमा एउटा वाक्याशंमा क्रम मिलाउदै टेक्नु पर्नेछ । प्रत्येक बालबालिकाहरूलाई यो क्रियाकलाप गर्ने मौका दिनुहोस् ।

©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## ४) पाठको समीक्षा गर्नुहोस्

सहमत/असहमत भनाईहरू (यदि तपाईं असहमत हुनुहुन्छ भने, किन असहमत हुनुहुन्छ ?)

१. यशैया र मीका नहेम्याहको समयमा नै बाँचीरहेका थिए । (असहमत । तिनीहरू नहेम्याह भन्दा करिब १७० वर्ष अगाडि थिए)

२. नहेम्याह र एज्राले यरूशलेममा बस्ने मानिसहरूलाई एक साथ मिलेर परमेश्वरको वचन सिकाएका थिए । (सहमत)

३. नहेम्याह राजा आर्तजक्सेसको सामु यरूशलेमको पर्खाल पुनर्निर्माण होस् भनि भनी बिन्ती गर्न गएका थिए । (सहमत)

४. नहेम्याहले राजाकहाँ जानको लागि प्रार्थना गरेनन् । (असहमत । उनले प्रार्थना गरेका थिए ।)

५. यरूशलेमको पर्खाल पुनर्निर्माण गर्न ६ महिना लाग्यो । (असहमत, यसलाई २ महिना भन्दा कम समय लागेका थियो ।)

**पाठ समीक्षा गर्ने क्रियाकलाप: सहमत र असहमत भनाईहरू**

यी भनाईहरूमा सहमती वा असहमती जनाउनको लागि बालबालिकाहरूले एकदमै रमाइलो मान्नेछन् । उनीहरूलाई सहमती वा असहमती जनाउनको लागि तपाईंको आफ्नै केहि थप भनाईहरू पनि राख्न सक्नुहुन्छ ।

## ५) पाठ लागु गर्नुहोस्

जब तिनीहरूले बाइबल पढे र यसको शिक्षाहरू अनुसरण गरे तब मानिसहरूमा सुधार आयो । परमप्रभुको आनन्द उनीहरूको बल भयो ।

तपाईं प्राय कति बाइबल पढ्नुहुन्छ ? के तपाईं यसलाई हरेक दिन पढ्नुहुन्छ ?

बाइबलका शिक्षाहरूलाई तपाईं कति राम्ररी पछ्याउनुहुन्छ ? के तपाईं परमेश्वरलाई मन नपर्ने कुराहरूबाट फर्कनुहुनेछ ?

**कथाको मूख्य सार : यहूदीहरू पर्खाल पुर्ननिर्माण गर्नको लागि यरूशलेम फर्केका थिए ।**


©प्रतिलिपी अधिकार २०१७ जिम कुक